**२०७७ साल चैत्र २६ गते विहीबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ६०औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. गाउँ कार्यपालिकामा पेश भएको "राक्सिराङ्ग गाउँपालिका मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७७" लाई स्वीकृत गर्ने ।

२. राक्सिराङ्ग गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ लाई आगामी बैठकमा छलफल गर्ने ।

३.

(क) राजस्व परापर्श समितिको मिति २०७७/१२/११ को निर्णय बमोजिम सिफारिस भएको नदिजन्य पदार्थको संकलन एवं विक्री शुल्क उठाउने सम्वन्धी कार्ययोजना, २०७७ लाई स्वीकृत गर्ने ।

(ख) स्थानीय वालुवा प्रशोधन उद्योगहरु तथा व्यवसायीहरुले गाउँपालिकाबाट जोखिम व्यवस्थापनको लागि संकलन गरिने नदिजन्य पदार्थ स्थानीय वालुवा प्रशोधन उद्योगहरु तथा व्यवसायीहरुले मात्र पाउने व्यवस्था गरिदिन आग्रह समेत गरेको हुँदा जोखिम व्यवस्थापनको लागि संकलन गरिने नदिजन्य पदार्थ विक्री वितरण स्थानीय वालुवा प्रशोधन उद्योगहरु तथा व्यवसायीहरुलाई मात्र गर्न आवस्यक व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

४. राक्सिराङ्ग गाउँपालिकाको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ लाई आगामी बैठकमा छलफल गर्ने ।

५. "राक्सिराङ्ग गाउँपालिका शिक्षा (पहिलो संशोधन) नियमावली, २०७७" लाई स्वीकृत गर्ने ।

६. चालु आर्थिक वर्ष २०७७/०७८ को वार्षिक वजेट तथा कार्यक्रमको तपशिलको शीर्षकलाई तपशिल अनुसार रकमान्तर गर्ने ।

(क) वडा नं. ६ को सडक मर्मत सम्भार गर्नको लागि आगामी गाउँ सभाबाट अनुमोदन हुनेगरी खाद्य सुरक्षा बैंक शीर्षकबाट रु. ३,५०,०००। (तीन लाख पचास हजार) मर्मत अन्य सार्वजनिक निर्माण शीर्षकमा रकमान्तर गर्ने ।

(ख) मकवानपुर जिल्ला फुटवल संघलाई सोधभर्ना खर्च खाद्य सुरक्षा बैंक शीर्षकबाट रु. ५,००,०००। आगामी गाउँ सभाबाट अनुमोदन हुनेगरी भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

(ग) राक्सिराङ्ग गाउँपालिकाको वडा-वडामा राष्ट्रिय परिचयपत्रको लागि खटिएको टोलीका सदस्यहरुलाई खाना खाजाको लागि जिल्लाबाट खटिएको टोलीका सदस्यहरुलाई प्रतिव्यक्ति दैनिक ४,००। र रुजुकर्ता तथा सहयोगीलाई प्रतिव्यक्ति दैनिक १५०। मा नवढ्ने गरी आन्तरिक आयबाट खर्च गर्ने ।

(घ) स्थानीय स्तरमा भूक्षय तथा पहिरोका कारण अवरुद्ध भएका ग्रामीण सडक मर्मत तथा सरसफाई गर्न डोजर लगायत मेशिनको व्यवस्था गर्ने उपभोक्तालाई लागत अनुमान अनुसार लाग्ने तेल र सवारी चालकको खर्च (प्रतिदिन १,०००।) गर्न रु. १०,००,०००। खाद्य सुरक्षा बैंक शीर्षकबाट आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी खर्च गर्ने ।

(ङ) आवधिक योजना निर्माणको सन्दर्भमा वडा स्तरमा हुने छलफल कार्यक्रमको लागि प्रत्येक वडालाई ६,०००। मा नबढ्ने गरी आन्तरिक आयबाट खर्च गर्ने ।

(च) गाउँपालिका र जनवकालत मञ्च, नेपालको संयुक्त साझेदारीमा नवलपरासीको होमस्टे अध्ययन गर्न सवारी साधन भाडा खर्च रु. ३०,०००। चालु तर्फको मिल्ने खर्च शीर्षकबाट खर्च गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राक्सिराङ, मकवानपुर बागमती प्रदेश, नेपाल

२०७७/१२/२६

पुष्पराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत